# काठमाडौं महानगरपालिका नगर सभाको १६ औं अधिवेशनमा उपप्रमुख सुनिता डंगोलले प्रस्तुत गरेको कार्यक्रम तथा बजेटको संशोधन प्रस्ताव

नगरसभाका अध्यक्ष एवं काठमाडौं महानगरपालिकाको प्रमुख श्री बालेन्द्र शाहज्यू, नगरसभाका सदस्यज्यूहरु, सभाका सचिवज्यू, शहरी योजना आयोगका उपाध्यक्ष एवं सदस्यज्यूहरु, उपस्थित कर्मचारी तथा सांकेतिक भाषको माध्यमवाट र अन्य माध्यमवाट यस कार्यक्रमलाई सम्प्रेषण गर्नुहुने संचारकर्मी मित्रहरु, स्वदेश तथा विदेशवाट यस कार्यक्रमको प्रत्यक्ष प्रशारणमा जोडिनु हुने सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत तथा अभिवादन गर्दछु ।

**सभाध्यक्षज्यू तथा नगर सभा सदस्यज्यूहरु,**

स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन (LISA) को प्रारम्भिक नतिजामा काठमाडौं महानगरपालिकाले ८२.७५ अंक प्राप्त गरेको छ । यो अंक काठमाडौं महानगरपालिकाले पाएको हालसम्मकै उच्च अंक हो । यो सफलता हासिल गर्न योगदान गर्नुहुने सवै जनप्रतिनिधि र कर्मचारीहरुलाई यसै गरिमामय सभामार्फत धन्यवाद दिन चाहन्छु ।

**सभाध्यक्षज्यू तथा नगर सभा सदस्यज्यूहरु,**

अव म काठमाडौं महानगरपालिकाको चालू आर्थिक वर्षको हालसम्मको समग्र आय तथा व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु ।

हामी काठमाडौं महानगरपालिका नगर सभाको १५औं अधिवेशनबाट स्वीकृत चालू आर्थिक वर्ष २०८१।८२ को वार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयनको क्रममा रहेका छौं । चालू आर्थिक वर्षमा कुल विनियोजित रकम रु. २५ अरब ७० करोड ६३ लाख २५ हजार रुपैया रहेकोमा चालू आर्थिक वर्षको पुस ११ गतेसम्म ४ अरब १ करोड ४ लाख ५६ हजार रुपैया खर्च भएको छ । जुन कूल विनियोजनको १६.१० प्रतिशत हो । समग्रलाई खर्च प्रतिशतमा हेर्ने हो भने चालू खर्च २३.५८ प्रतिशत र पूजिगत खर्च १०.९२ प्रतिशत भएको छ । हालसम्म पूर्वाधार विकासमा १२.१३ प्रतिशत, आर्थिक विकासमा २४.१८ प्रतिशत, सामाजिक विकासमा १२.२३ प्रतिशत खर्च भएको छ । त्यसै गरी सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र तर्फ ७.९२ प्रतिशत खर्च भएको देखिएको छ । कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा भने सवै भन्दा वढी ३६.५४ प्रतिशत खर्च भएको देखिन्छ ।

राजश्व आम्दानीतर्फ चालू आ.व. मा १२ अरब ९० करोड ६३ लाख २५ हजार रुपैयाको लक्ष्य निर्धारण गरिएको थियो । त्यसमध्ये आन्तरिक राजस्व असुलीको लक्ष्य रु.८ अरब ३ करोड ५७ लाख रुपैया रहेको छ । पुस ११ गतेसम्म कुल ४ अरब ९ करोड ८९ लाख ३६ हजार रुपैया आन्तरिक, राजश्व वाँडफाँड तथा सशर्त अनुदान वापत प्राप्तभएको छ । जस्मा आन्तरिक तर्फ कुल २ अरब ६१ करोड ५५ लाख ४३ हजार रुपैंया राजश्व संकलन भएको छ भने राजश्व वाँडफाँडवाट ५९ करोड ८९ लाख ४१ हजार रुपैया र संघ तथा प्रदेश सरकारवाट प्राप्त सशर्त अनुदान ८८ करोड ४४ लाख ५१ हजार रुपैया रहेको छ । समग्र आम्दानीलाई प्रतिशतमा हेर्ने हो भने कुल आम्दानीको लक्ष्य अनुसार प्रगति ३१.०७ प्रतिशत हुन आउँछ । आन्तरिकतर्फ कुल लक्ष्यको ३२.५५ प्रतिशत प्रगति भएको देखिन्छ । कर संकलन प्रकृयामा सकृयरुपमा सहभागी हुनु भएकोमा म यसै गरिमामय सभा मार्फत सवै करदाताहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै काठमाडौं महानगरपालिकाका सवै जनप्रतिनिधिज्यूहरु, कर संकलन टोली, सम्वन्धित विभाग, राजश्व परामर्श समितिका पदाधिकारी तथा सम्पूर्ण कर्मचारीहरुलाई समेत धन्यवाद दिन चाहान्छु ।

**सभाध्यक्षज्यू तथा नगर सभा सदस्यज्यूहरु,**

काठमाडौँ महानगरपालिकाको वार्षिक खरिद योजना, चौमासिक प्रगति विवरण अनुसार आर्थिक वर्ष २०८१।०८२ को स्वीकृत नीति तथा कार्यक्रम अनुसार लक्ष्य हासिल गर्न केही कार्यक्रमहरु हेरफेर गर्न जरुरी देखिएको छ । विनियोजित वजेटहरुमा कुनै योजना संचालन गर्न नसकिने, कतिपय आर्थिक कार्यविधि अनुसार समय लाग्ने, कतिपय वहुवर्षिय योजना अन्तर्गत संचालन गर्नुपर्ने भएकाले विनियोजित रकममध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिएका र केही अत्यावश्यक योजना तथा कार्यक्रमहरुका लागि बजेट विनियोजन गर्नुपर्ने देखिएकोले यो संशोधन प्रस्ताव पेश गर्नुपरेको हो ।

संशोधन वजेट प्रस्ताव गर्दा विषय विज्ञ, काठमाडौं महानगरपालिकाका विषयगत समिति एवं अन्य विभिन्न समितिहरुमा सुक्ष्म छलफल तथा विश्लेषण गरी वजेट तथा कार्यक्रम तर्जुमा समिति र कार्यपालिका वैठकवाट सर्वसम्मत रुपमा पास गरी यस सम्मानीत सभामा पेश गरिएको छु ।

चालु आर्थिक वर्षको कार्यक्रम बजेटमा संशोधन प्रस्ताव तयार गर्दा स्वीकृत कूल बजेट रकम, चालू खर्च रकम तथा पूँजिगत खर्च रकममा कुनै थपघट नगरी क्रियाकलापहरुमा मात्र संशोधनको प्रस्ताव पेश गरेको छु ।

संशोधित प्रस्ताव अनुसार अव आर्थिक विकासको क्षेत्रमा ७२ करोड ४३ लाख ७१ हजार वजेट कायम गर्न प्रस्ताव गरेको छु । सो क्षेत्रमा यस अधि ७२ करोड ९९ लाख ७१ हजार रुपैया वजेट विनियोजन भएको थियो । त्यसैगरी कार्यालय संचालन तथा प्रशासनीक क्षेत्रमा ३ अरब ७२ करोड ६८ लाख ४२ हजार रुपैया प्रस्ताव गरिएको छ । यस अधि सो क्षेत्रमा ३ अरब ७० करोड ५३ लाख ८ हजार रुपैया वजेट विनियोजन भएको थियो । पूर्वाधार विकासको क्षेत्रमा ११ अरब ८७ करोड ५१ लाख ३८ हजार रुपैया प्रस्ताव गरिएको छ । यसअधि सो क्षेत्रमा १२ अरब १ करोड ९३ लाख ९१ हजार रुपैयाँ विनियोजन भएको थियो । सामाजिक विकासका क्षेत्रमा ५ अरव ३५ करोड ३३ लाख ८८ हजार रुपैया प्रस्ताव गरिएको छ । यसअघि उक्त क्षेत्रमा ५ अरब ४८ करोड ८६ लाख ६९ हजार रुपैयाँ विनियोजन भएको थियो । त्यसैगरी सुशासन तथा अन्तरसम्वन्धित क्षेत्रमा ३ अरब २२ करोड ६५ लाख ८५ हजार रुपैयाँ प्रस्ताव गरेको छु । उक्त क्षेत्रमा यस अधि २ अरब ९६ करोड २९ लाख ८५ हजार रुपैया विनियोजन भएको थियो । चालु आ.व. को स्वीकृत कार्यक्रम तथा बजेटमा प्रस्ताव गरिएको संशोधनको विस्तृत विवरण सभाका सदस्यज्यूहरुलाई उपलब्ध गराइएको छ ।

सभाध्यक्षज्यू र नगरसभाका सदस्यज्यूहरु,

अन्त्यमा, नगर सभाको पन्ध्रौ अधिवेशनबाट स्वीकृत भएको काठमाडौँ महानगरपालिकाको चालू आर्थिक वर्ष २०८१/८२ को कार्यक्रम बजेटमा प्रस्तावित संशोधन सम्बन्धमा नगर सभाको सोह्रौ अधिवेशनबाट वृहत्तर रुपमा छलफल गरी बाँकी कार्य अवधिमा कार्यान्वयन हुने गरी संशोधन प्रस्ताव स्वीकृत हुनेछ र यसले काठमाडौँ महानगरपालिकाको घोषित नीति, कार्यक्रम र बजेटको कार्यान्वयनमा प्रभावकारिता बृद्धि हुने अपेक्षा गरेको छु ।

धन्यवाद ।

**सुनिता डंगोल**
उपप्रमुख
काठमाडौँ महानगरपालिका

मिति २०८१ पौष १४ गते
नेपाल सम्वत ११४५ थिंल्लागा चर्तुदसि चःह्रे